# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

**पशु सेवा कार्यक्रममा प्रस्तावना आव्हानको सूचना**

**सूचना नं. ५ २०७९/०८० (पशु सेवा)**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७९/११/१२**

आ.व. २०७९/८० मा संघीय सशर्त कार्यक्रम तर्फ भरतपुर महानगरपालिका अन्तर्गत तपसिलका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएकोले "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि, २०७९" बमोजिम स्वीकृत बजेटको परिधिभित्र रही लागत साझेदारीमा काम गर्न ईच्छुक कृषक समुह/सहकारी/निजी फार्म/ संस्थाहरूले तोकिएका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन (अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट) भित्र यस कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। यस विषयमा थप जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा (०५६-४९३७२१) वा नजिकका पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ।

**तपसिल**

| क्र. स. | कार्यक्रमको नाम | अनुदान रकम (रु.) | कार्यक्रम लागू हुने क्षेत्र | लक्षित वर्ग/समुदाय |
|---|---|---|---|---|
| १ | गाईभैंसी प्रवर्द्धन कार्यक्रम | २० लाख | भरतपुर महानगरपालिका भित्र | कृषक समुह/सहकारी/निजी फार्म/ संस्थाहरू |
| २ | बफेलो काल्फ/होस्टेल | २० लाख | भरतपुर महानगरपालिका भित्र | कृषक समुह/सहकारी/निजी फार्म/ संस्थाहरू |

**निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरू**

१. आवेदक भरतपुर महानगरपालिका/वडा कार्यालयमा व्यवसाय दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ।
२. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको संझौतानामा।
३. कार्य समितिको पदाधिकारीको नामावली र निर्णयको प्रतिलिपी (समूह/सहकारीको हकमा)
४. प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि,२०७९ को अनुसूची-२ अनुरुपको सम्क्षिप्त कार्ययोजना र अनुसूची-३ अनुरुपको निवेदन ।
५. पान दर्ता/नविकरण तथा करचुक्ता भएको प्रमाणपत्र।
६. नेपाली नागरिकताको प्रमाणपत्र। समुह/सहकारीको हकमा अध्यक्षको नागरिकताको प्रमाणपत्र।
७. आवेदन दस्तुर वापत रू. ५००।– सम्बन्धित वडा कार्यालयमा नगद राजश्व तिरेको सक्कल रसिद।
८. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।
९. गाईभैंसी प्रवर्धन कार्यक्रम अन्तर्गत समुह/सहकारीको हकमा प्रति कृषक २ ओटा बिमा गरिएको माउ पशु (गाई/भैंसी) पालन गरिएको र कम्तिमा १० जना सदस्य रहेको हुनुपर्ने तथा निजि संस्थाको हकमा कम्तिमा १० ओटा बिमा गरिएको माउ पशु (गाई/भैंसी) हुनुपर्ने।
१०. बफेलो काल्फ/होस्टेल कार्यक्रम अन्तर्गत समुह/सहकारीको हकमा प्रति कृषक ५ ओटा १ बर्ष माथिका पाडा र कम्तिमा १० जना सदस्य रहेको हुनुपर्ने तथा निजी संस्थाको हकमा कम्तिमा ५० ओटा १ बर्ष माथिका पाडा पालन गर्नुपर्ने।
११. निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनहरुको हकमा स्पेशिफिकेशनको प्रतिलिपि।।
१२. यसै प्रकृतिको कार्यको लागि कुनै सरकारी/गैरसरकारी निकायवाट विगत २ वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र।